# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार, असार २३, २०७४ | Friday, July 7, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला थ्व: १३ | वर्ष २३, अंक १७८ | पृष्ठ १२ | मूल्य रू. १०/–







# राजधानीबासीलाई बागमतीको पानी

सुरेश तामाङ, काठमाडौं

राजधानीबासीले साउनपछि मेलम्चीको पाइपबाट ल्याइने बागमतीको पानी खान पाउने भएका छन्।

सुरुङ मार्ग हुँदै मेलम्ची खोलाको पानी राजधानी ल्याउन ढिलाइ हुने भएपछि मेलम्ची खानेपानी आयोजनाले राजधानीबासीलाई बागमतीको पानी भए पनि वितरण गर्न लागेको हो। आयोजनाले राजधानीबासीलाई यस वर्षको असोज मसान्तसम्ममा पानी खुवाउने घोषणा गरेको थियो।

'हामीले साउनको अन्तिमतिर परीक्षण गर्छौं, यसका लागि रफ्तारमा काम भइरहेको छ', आयोजनाका उपकार्यकारी निर्देशक रमाकान्त दवाडीले भन्नुभयो- 'बागमतीको पानी विशेष गरी सुन्दरीजलमा निर्माणको अन्तिम चरणमा रहेको ट्रिटमेन्ट प्लान्ट (पानी प्रशोधन केन्द्र जसले पानीलाई शुद्ध र निर्मलीकरण गर्दछ) को परीक्षण, अहिले बिछ्याइरहेका खानेपानीका पाइपहरू, विभिन्न स्थानमा बनेका पानी पोखरीहरूको क्षमता परीक्षणका लागि बागमतीको पानी ल्याउन लागिएको हो।'

उहाँका अनुसार बागमतीको पानी सुन्दरीजलको पानी प्रशोधन केन्द्रमा प्रशोधन भई पिउन योग्य भएमा राजधानीका बासिन्दालाई हाल बिछ्याइरहेको पाइप लाइन र केयूकेएलकै यथावत् रहेको सञ्जालबाट पानी खुवाउने योजना रहेको छ।

आयोजनाले मेलम्ची खोलाको पानी उपलब्ध नभएसम्मका लागि वैकल्पिक व्यवस्था स्वरुप यस्तो गर्न लागेको जनाएको छ। आयोजनाले वर्षात्का समय पानीको स्रोत पनि ठूलो हुने र बागमती नदीलाई समस्या नपार्ने तरिकाले बागमती खोलाको पानी उपयोग गर्न लागिएको हो।

आयोजनाले सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रदेखि ५ सय मिटर टाढा र केयूकेएलले राजधानी ल्याइरहेका भन्दा ४ सय मिटर माथि बागमतीको पानी ल्याउने तयारी गरिएको हो।

साउनको अन्तिमतिर परीक्षण गर्नका लागि सामान्य इन्टेकको काम र पाइप बिछ्याउने काम भइरहेको छ। आयोजनाले हाल ३ सय ५५ एमएम साइजको पाइपलाइनको व्यवस्था गरेको छ।

बागमतीको पानी ल्याउने योजना अस्थायी किसिमको रहेकाले हाल अस्थायी संरचनाहरू मात्रै बनाइरहेको आयोजनाले प्रस्ट पारेको छ। बागमतीको पानी केयूकेएलले पनि प्रयोग गरिरहेको छ। आयोजनाले भने बागमतीको पानी वर्षात्को बेला बहाव बढी हुने भएकाले प्रयोग गर्ने र बागमती नदीलाई सुखा हुने तरिकाले प्रयोग नगर्ने जनायो।

(क्रमशः पृष्ठ ९ मा)

# राजपाको विवाद चरम उत्कर्षमा

## यादवविरुद्ध जनकपुरमा प्रदर्शन

नेपाल समाचारपत्र

काठमाडौं

पार्टीको विधानका विषयमा राष्ट्रिय जनता पार्टी नेपालमा देखिएको विवाद चरम उत्कर्षमा पुगेको छ। विवादका कारण बिहीबार पनि राजपा निर्वाचन आयोगमा दर्ता हुन सकेन।

मधेस राजनीतिका अग्रणी नेता स्व. गजेन्द्रनारायण सिंह र रामजनम तिवारीलाई विधानमा नसमेटिएको भन्दै नेता अनिल झाले विधानका हस्ताक्षर गर्न नमानेपछि विवादले उग्र रुप लिएको छ। झाले मधेस राजनीतिको इतिहास पार्टीको विधानमा नसमेटिए आफू कुनै पनि हालतमा हस्ताक्षर नगर्ने बताउँदै आउनुभएको छ।

यता अर्का नेता महेन्द्रप्रसाद यादवले राजपा मधेसवादी पार्टी मात्रै नभएकाले स्व. सिंह र तिवारीलाई विधानमा उल्लेख गर्नु उपयुक्त नहुने बताउँदै आउनुभएको छ। विवाद समाधानका लागि बिहीबार बस्ने भनिएको राजपा अध्यक्ष मण्डलको बैठक पनि बस्न सकेको छैन।

यता मधेसी जनताको भावना विपरीत गएको भन्दै जनकपुरधाममा संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको पुतला दहन गरिएको छ। जनकपुरधामका केही युवा आक्रोशित बन्दै मधेसीहरूको भावनामा ठोस पुग्ने अभिव्यक्ति दिएको भन्दै यादवलाई सचेत हुन आग्रहसमेत गरेका छन्।

बिहीबार साँझ जनकपुरधामस्थित जनक चोकमा संयुक्त युवा मोर्चाले यादवको विरोध गर्दै पुतला दहन गरेको हो। मधेस आन्दोलन जारी रहेकै बेला उपेन्द्र यादव निर्वाचनमा सहभागी भएर मधेसीहरूसँग धोका गरेको मोर्चाको आरोप रहेको छ। पुतला दहनअघि जनकचोकमा आयोजित कोणसभालाई सम्बोधन गर्दै युवा नेताहरूले मधेसबाट उपेन्द्र यादवलाई बहिष्कार गर्नुपर्ने बताएका थिए।

## भव्यरूपमा जन्मोत्सव मनाउँदै पूर्वराजा

ईश्वरराज ढकाल, काठमाडौं

पूर्वराजा ज्ञानेन्द्र शाहले आज शुक्रबार ७१औं जन्मदिन मनाउनुहुनेभएको छ। आजबाट ७० वर्ष पूरा हुनुभएका पूर्वराजा शाहले आफ्ना कर्मचारी र आफन्तलाई पहिला र त्यसपछि सर्वसाधारण जनतासँग शुभकामना ग्रहण गर्ने कार्यक्रम रहेको छ। निर्मल निवासमा आयोजना हुने शुभकामना कार्यक्रम बिहान साढे १० देखि शुरू हुनेछ। बिहान साढे १० बजे कर्मचारी र आफन्त र ११ बजेदेखि सर्वसाधारणका लागि समय छुट्याइएको छ।

निर्मल निवास, नागार्जुन, महेन्द्र मञ्जिलमा कार्यरत करिब सय कर्मचारीमध्ये केहीले दाम चढाएर शुभकामना दिने प्रचलन रहेको छ। करिब एक महिनादेखि जन्मोत्सव मूल समारोह समिति गठन गरी देशव्यापी रूपमा प्रचार गर्दै आएको थियो।

बिहान १० बजेबाट राजधानीका आधा दर्जन स्थानबाट झाँकीसहित पूर्वराजालाई भेट गर्ने कार्यक्रम तय गरिएको विश्व हिन्दू युवा संघका अध्यक्ष राजन महर्जनले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

## भारतमा तीन नेपालीको मृत्यु

दार्चुला, (नेस)

भारतमा गएको पहिरोमा परी बिहीबार तीन नेपाली नागरिकको मृत्यु भएको छ। भारत पिथौरागढ जिल्लास्थित धारचुलो गर्वाधारमा गएको पहिरोमा परी जिपमा सवार तीन नेपालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)





